नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११२, ४५११५३७, ४५११५०१
फ्याक्स (९७७-११-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौंचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३
च. नं. :- ५६५

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभाग २०५०

मितिः २०८२/०९/०२

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री रोड नेपाल प्रा.लि.,
काठमाडौं-१६, नेपाल।
फोन नः ९८६०१३६६४०

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित स्यार खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरू तोकिएको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/०८/२९ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

क) प्रस्तावित क्षेत्र मनास्लु संरक्षण क्षेत्रमा पर्ने देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १२(५) बमोजिम सहमति छ महिना भित्र वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र पेश गर्न र सो अवधि भित्र सहमति पेश गर्न नसकेमा **सोही दफा बमोजिम दरखास्त रद्द हुनेछ**।

ख) विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम पैतिस (३५) दिनको समयावधि भित्र निम्न विवरणहरू

- यस विभागबाट अध्ययनरत स्यार खोला जलविद्युत आयोजनासँग प्रस्तावित आयोजनाको नाम दोहोरो/समान रहेको हुनाले आयोजनाको नाम परिवर्तन गरि सोही परिवर्तित नाम बमोजिमका अन्य कागजात/विवरणहरु पेश गर्नुहुन ।
- Desk Study Report प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको ।
- प्रवर्द्धक कम्पनीको आ.व.०८१/८२ को कर चुक्ता प्रमाणपत्र (नोटराइज प्रतिलिपि) ।
- प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति, पत्राचार गर्ने स्पष्ट ठेगाना (इमेल ,पोष्ट बक्स नं)सम्बन्धमा संचालक समितिको बैठकको निर्णयको सक्कल वा प्रमाणित प्रति र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्रको नोटराइज प्रति एवं सम्पर्क नं .
- आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरुण (टोपो) नक्शा (दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।
- प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको (नोटराइज प्रतिलिपि) ।
- संचालक समितिको बैठकको निर्णय सहितको पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.।
- विभागबाट तोकिएको ढाँचाको UDIN No.समेत खुलेको नेट वर्थ प्रमाणपत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु।
- नेटवर्थ तयार गर्ने सि.ए. संस्थाको आ.व. ०८१/८२ को कर चुक्ता प्रमाण पत्र (नोटराइज प्रतिलिपि) ।
- परामर्शदाता संस्थाको आ.व. ०८१/८२ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि ।
- परामर्शदाता संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।
- कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्य एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तिय विवरण ।
- प्रवर्द्धक कम्पनी अध्यावधिक सम्बन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि) ।

(केशव वस्नेत)
इन्जिनियर
मितिः २०८२/०९/०२